# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७ ) काठमाडौं, असोज १८ गते २०५४ साल ( अतिरिक्ताङ्क ३२ (ख)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजका हजूरमा प्रतिनिधि सभाका सभामुखले बिपक्षी दलका नेता गिरिजाप्रसाद कोइरालाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५९ को उपधारा (२) र प्रतिनिधि सभा नियमावली, २०४८ को नियम १७१ को उप नियम (४) बमोजिम पेश गर्नु भएको "प्रधानमन्त्री श्री लोकेन्द्रबहादुर चन्द उपर प्रतिनिधि सभाको बिश्वास छैन" भन्ने व्यहोराको अविश्वासको प्रस्ताव प्रतिनिधि सभाको मिति २०५४ साल असोज १८ गतेको बैठकमा निर्णयार्थ प्रस्तुत गरिंदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५९ को उपधारा (३) बमोजिम सम्पूर्ण सदस्य संख्याको बहुमतबाट उक्त प्रस्ताव पारित भएको व्यहोरा जाहेर गर्नु भएको छ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री श्री लोकेन्द्रबहादुर चन्दले नेपाल अधि-राज्यको संबिधान, २०४७ बमोजिम प्रतिनिधि सभाको आजको बैठकले आफू विरुद्ध अविश्वासको प्रस्ताव बहुमतद्वारा पारित गरेको कारण दर्शाई प्रधानमन्त्रीको पदबाट दिनु भएको राजीनामा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्वीकृत गरिबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

269

साथै मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६ को उपधारा (७) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म वर्तमान मन्त्रिपरिषद्लाई कार्य संचालन गरिरहन तोकिबक्सेको छ ।

## सूचना ३

श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री श्री लोकेन्द्रबहादुर चन्दले प्रतिनिधि सभाको बैठकले आफू विरुद्ध अविश्वासको प्रस्ताव बहुमतद्वारा पारित गरेको कारण दर्शाई प्रधानमन्त्रीको पदबाट चढाउनु भएको राजीनामा स्वीकृत गरिबक्सेको र प्रतिनिधि सभामा कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गरेको अवस्था नभएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ को उपधारा (१) बमोजिम प्रतिनिधि सभाका सदस्यहरूको बहुमतको समर्थन र विश्वास प्राप्त गरेको स्पष्ट हुने गरी २०५४ साल असोज २० गते साँझ १८:०० बजे भित्र जाहेर गर्न प्रतिनिधि सभाका सदस्यलाई आव्हान गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, काठमाडौं